# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/१०/०६

पांचौ अधिवेशन

(पहिलो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरू,** **पिठासिन माननीय अर्जुन वहादूर थापा**

यस सभाको पांचौ अधिवेशनको पहिलो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

पांचौ अधिवेशनको पहिलो बैठकमा सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत छ । यो अधिवेशन उपलब्धी मूलक रहोस भनी शुभेक्षा व्यक्त गर्दछु । माननीय सदस्यहरुले अझै मर्यादित तथा अनुशासितत भई सक्रियरुपमा सहभागी हुदैं बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुने छ भन्ने अपेक्षा राखेको छु ।

**माननीय सदस्यहरु,**

संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्तीका लागि संघर्ष गर्दै आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात सहिदहरू प्रति सम्मान प्रकट गर्दै आ-आफ्नो स्थानबाट उठेर १ (एक) मिनेट मौनधारण गर्न सम्पूर्ण माननीय सदस्यहरूलाई आग्रह गर्दछु ।

माननीय सदस्यहरू, आ-आफ्नो ठाउँबाट उठेर एक मिनेटको मौनधारण गरौं ।

**माननीय सदस्यहरू,**

प्रदेश प्रमुखको कार्यालयबाट मिति २०७६।०९।२३ को अधिवेशन आव्हान वारेको पत्र प्राप्त हुन आएको छ । अब, म उक्त पत्र पढेर सुनाउछु ।

**<u>विषयः प्रदेश सभाको पांचौ अधिवेशन आव्हान गरिएको ।</u>**

माननीय सभामुखज्यू,
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश,
धनगढी, कैलाली ।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको पांचौ अधिवेशन सम्वत् २०७६ साल माघ ६ गते सोमबार दिनको २:०० बजे बस्ने गरी आव्हान गरेको छु ।

सर्मिला कुमारी पन्त
प्रदेश प्रमुख

**बोधार्थ**

माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
धनगढी, कैलाली ।

**माननीय सदस्यहरू,**

पांचौ अधिवेशनको पहिलो बैठक भएकोले शुभकामना आदान प्रदान प्रयोजनका लागि प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनैतिक दलहरूबाट प्रतिनिधित्व हुने गरी केही माननीय सदस्यहरूलाई बोल्ने अवसर प्रदान गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम विशेष समय निर्धारण गरेको छु। सर्व प्रथम माननीय तारालामा तामाङ्ग लाई समय दिन्छु।

**माननीय तारा लामा तामाङ**

माननीय सभामुख ज्यु, आज हामी चौथो अधिवेशनको अन्त्य पछी प्रदेश प्रमुखको पत्रानुसार हाम्रे प्रदेश सभाको पाँचौ अबिधेशनको पहिलो बैठक सुरु हुन गइराखेको छ। यो बैठक सञ्चालन गरिराखेको हुँदा नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा)सुदुरपश्चिम प्रदेशको संसदिय दलको तर्फबाट यो प्रदेशको सफलताको कामना गर्छु। यो प्रदेशले बिगतमा झैँ राम्रो कामहरु गर्न यो प्रदेश अँझ सफल हुने छ। कहिँ कतै कमजोरि भएको छ भने त्यसलाई सुधार्दै अगाडी बढ्नमा यो प्रदेश सफल हुनेछ। प्रदेशको सम्बृद्धी,प्रदेशको जनताको खुसिको लागी यो प्रदेशसभा को पाचौँ अधिवेशन सफल हुने कुरामा हाम्रो दल बिश्वस्त छ। यो प्रदेश सभाको बैठक बिगतका दिनहरुझैँ फलदायी राम्रो बैठकको रुपमा परिणत हुने छ। यसले गरेका कुराहरुलाई खासगरि प्रदेश सरकारले यसलाई महत्पूर्णका साथ लागुगर्ने पक्षमा सफल हुने बिश्वास पनि गर्न चाहान्छु। चौथो अधिवेशन देखी पाँचौं अविशिनको बिचमा धेरै कुराहरु भएको छ, भर्खरै हामी सुदुरपश्चिम बासिहरुले मनाउने माघी पर्व र अब केही दिनपछी अउदै गरेको लोस्सार पर्वको पनि शुभकामना दिन चाहान्छु। यो प्रदेश सभाले सरकारलाई निर्देशित गर्ने र यो हिउदे अधिवेशन खासगरि विधेयक अधिवेशनको रुपमा पनि चिनिएको हुनाले राम्रे बिधेयकहरु टेबुल हुनेछन र त्यो बिधेयकहरु अप्रतक्ष्य वा प्रतक्ष्य रुपले प्रदेशको जनताको पक्षमा र यहाँको जनताको सम्बृद्धीको लागी हुनेछन। र प्रदेश सरकारले अहिले खासगरी हाम्रे सुदुरपश्चिममा अलि बढिनै चर्चा गरिएको केही कुरितिहरु अझैपनि कहिँ कहिँ देखिएको छ। जस्तै : छाउपडी प्रथा यसलाई प्रदेश सरकारले जनप्रतिनिधिकै अघुवाईमा कहिँ त्यस्तो छ भने त्यो कुरितीहरुलाई जनचेतामुलक अभियान बनाउने भनेर निती नै पारित गरेको छ। त्यसैगरि प्रदेश सरकारले सुदुरपश्मिका जनताको पक्षमा काम गर्नेगरि लागिराखेका छन।र भईगरेका कुराहरुलाई अगाडी बढाउनको लागी प्रदेशसभाका सांसदहरु र प्रदेश सरकारको बिभिन्न अंगहरुले काम गर्ने कुरामा हामी बिश्वस्त छौँ। र यो प्रदेशलाई सम्बृद्ध प्रदेश बनाउनको लागी के के गर्न सकिन्छ, यो प्रदेशको ३२ ओटै निर्वाचन क्षेत्रबाट निर्वाचित सांसदहरु र २१ जना समानुपातिक निर्वाचित सांसदहरु अर्थात यो प्रदेश सभाको ५३ नै जना सांसदहरुको अहम भुमिका हुने छ। र सबैले जनताको चाहाना बमोजिमको कानुन बनाउन र आफ्नो शक्ती अनुसारको सरकारको लक्ष अनुसारको बिकासको काम गर्न न्यायोचित तरिकाले वितरण गर्न र जनताको आवश्यकता अनुसारको पुर्ति गर्न केन्द्र सरकार, प्रदेश सरकार,र स्थानीय सरकार काम गर्न सफल हुने कुरामा हामी बिश्वस्त छौँ। प्रदेश सभाले बनाएका नियम कानुन हरुलाई के कती पालना भयो त्यस तर्फ हामी सजक हुनुपर्ने देखिएको छ। र बिगतमा बनेका ऐन कानुनहरु खासगरि पारित गरेका बिधेयकहरु र पारित गरिसकेपछी बनेका ऐनहरुलाई के कसरी परिपालना भईराखेको छ त्यसको कार्यान्वयन पक्ष कस्तो छ यसतर्फ प्रदेश सभाले अनुगमन गर्ने होकी ? अथवा सरकारले गर्ने हो, यो बहसको बिषय बनाउनु पर्ने देखिन्छ। हामिले बनाएका केही ऐनहरु अहिलेपनी कार्यान्वयन गर्ने ठाउँहरुमा अलि दरो ढङ्गले नभएको भन्ने जनगुनासो छ,। जनताहरुको त्यो गुनासोलाई हामिले सम्बोधन गर्नैपर्छ। र प्रदेश सरकारले ९ओटै जिल्लामा आफ्नो पहुँच बनाउनको लागी स्वास्थ्य शिक्षा र पुर्वाधार निर्माणको कामहरुलाई ब्यवस्थित गर्न के के गर्न सकिन्छ? त्यसतर्फ ध्यान दिईराखेको कुरा हामिले प्राप्त गरेका छौँ। र प्रदेश सरकारले भरखरै मात्र हाम्रो यो प्रदेशसभाले प्रदेशको राजधानी निर्धारण र

नामाकरण गर्न गठित बिशेष समितिबाट प्रस्ताव गरेको राजधानी र प्रदेशको नाम पारित भईसकेपछी यसलाई कार्यान्वयन गर्न प्रदेश सरकारले समिति गठन गरेको कुरा पनी छ र अब हामिले छिटो भन्दा छिटो त्यसतर्फ एकजूट भएर अगाडी बढ्नुपर्ने छ । तब मात्रै जनताले हामिलाई चिन्ने छन् र प्रदेश सरकारले महत्पूर्ण काम गरेको अथवा बलियो उपस्थिती भएको कुरा जनताले आफुले अनुभुती गर्नेगरि हामिले काम गर्नुपर्ने छ । र अहिले खासगरी प्रदेशसभाका सदस्यहरु,प्रदेश सरकार खासगरी के देखिन्छ भने केन्द्रबाट संविधानले व्यवस्था गरेका कुराहरुलाई,प्रदेशलाई दिएका अधिकारहरुलाई अक्षरसः छिटोभन्दा छिटो कार्यान्वयन गराउनमा अली कन्जुस्याँई भएको होकी जस्तो हामिलाई भान भईरहेको छ । स्थानीय तहका जनप्रतिनिधिहरु अलि आफुलाई डाईरेक्ट केन्द्रसंग लिङ्क भएको भए हुन्थ्यो भन्ने आभास भएको देखिन्छ । त्यस्तो परिस्थिती बढी बिकसित भयो भने संघियतामा आँच आउन सक्छ । त्यसकारणले दुइटैलाई समुन्वय गरेर हाम्रो भुमिकालाई अँझ अगाडी देखाउनू हामि सबैको चुनौती भएको छ ।यदी त्यो हिसाबले हामि अगाडी बढ्न सकिएन भने संघियताको बिपक्षीहरुले सक्रियता पाउने छन् । त्यसैले हामिले बैलैमा सचेत हुनुपर्ने आवश्यकता छ । र प्रदेशमा अथवा जनताको माझमा प्रदेशसभा प्रदेश सरकार भएको अनुभुती हुने गरि हामिले देखिने गरी कामहरु गर्नुपर्नेछ । हामि अहिले पनि प्रदेश सरकारको काम कारबाहिहरु हेर्दा अझै पुरानै शैली अब देश संघियतामा गइसकेको हुनाले हाम्रे उपस्थिती देखाउनको लागी हामिले बेग्लै किसिमले काम गर्ने कुराहरु कसरी छिटो छरितो गर्न गराउन सकिन्छ र एउटा मन्त्रालयले अर्को मन्त्रालयको बिचको काम छ भनेपनि छिटोछरितो कसरी गर्न सकिन्छ ,र जनताको काम छ भने झन कसरी छिटो गर्न सकिन्छ । त्यसकारण हामि जनताको सेवक भएको कारणले,जनताको प्रतिनिधि भएको कारणले ,नेपाल सरकार र प्रदेश सरकारको कर्मचारी जो सुकै भएपनी राष्टको निम्ती काम गर्ने भएको कारणले हाम्रे कामहरु सबै जनतामा केन्द्रित हाम्रे कामले बढी भन्दा बढी सेवा सुबिधा पाउन सहज हुने गरी सर्बसुलभ तरिकाले हामिले काम गर्न सक्यौं भने यसको औचित्य अँझ बढ्नेछ । र त्यसतर्फ हामी अगाडी बढ्ने छौँ र त्यस तर्फ हामी सबैको ध्यान केन्द्रित हुने छ । हामिले संकल्प प्रस्ताव पारित गरेर हुन्छ या के गरेर हुन्छ छिटो भन्दा छिटो राजधानीलाई तोकिएको ठाउँमा लाने र केन्द्रबाट ल्याउने बिकासका कुराहरुमा हामी एकजूट भएर कसरी अगाडी बढ्न सकिन्छ । र हाम्रै प्रदेशलाई कसरी सम्बृद्ध बनाउन सकिन्छ र यावत कुराहरु गर्नलाई प्रदेश सभाले सरकारलाई अझ सहजिकरण र प्रदेशको जनतालाई अझ सम्बृद्धी तर्फ लानलाई यो प्रदेशसभाले कस्तो कानुन बनाउँदा,कुन कुन कानुन बनाउँदा हुन्छ त्यो यहि विधेयक अधिवेशनबाट महत्वपूर्ण विधेयकहरु पारित गर्न हामी सफल हुने कुरामा बिश्वस्त हुँदै पुनः म सबै प्रदेश बासिलाई यो पाँचौ अधिवेशनले अँझ जनताको आस जोगाउने गरि काम गनै हामी होउँ र प्रदेशसभा जहिले पनि जनताको पक्षमा छौँ । जनताको अधिकारलाई सुनिस्चीत गर्न प्रदेशसभाले गर्ने कर्तव्यमा हामी दत्तचित्त भएर लाग्ने कुरामा हामी एकजूट भएर अगाडी बढ्ने कुरामा हाम्रे प्रदेशका आदरणीय जनसमुदायलाई बिश्वास हुनेगरि के प्रतीपक्ष के सत्तापक्ष सब एकजूट भएर अगाडी बढ्नेमा म बिश्वस्त हँदै बिदा हुन्छु ,धन्यबाद ।

**माननीय रण बहादुर रावल :**

माननीय सभामूख महोदय, सर्बप्रथम यो पाँचौ विधेयक अधिवेशनमा उपस्थित सम्पुर्णमा मेरो हार्दिक नमस्कार साथै यो अधिवेशनको सफलताको लागी नेपाली कांग्रेस संसदिय दल र मेरो तर्फबाट पनि शुभकामना दिन चाहान्छु । यो अधिवेशन नितान्त रुपमा ऐन कानुन निर्माण गर्ने अधिवेशनको रुपमा लिईन्छ भन्ने मलाई लाग्दछ । यसै सन्दर्भमा यस अधिवेशनले प्रदेश सरकारलाई अँझ बढी जवाफदेही,उत्तरदायी, सुशासन अबलम्बन गर्न गराउन सक्षम हुनेछ भन्नेमा पनि म शुभकामना दिन चाहान्छु । साथै प्रदेश सरकारले बिगतका बजेट तथा योजनाहरु बनाउँदा र कार्यान्वयनबाट प्राप्त शिक्षा बिज्ञान लिएर सबै पक्षलाई

समेटी पारदर्शी बिधिसम्मत र सुशासनलाई जोड दिई नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे अनुसार कार्य गरोस,कार्य गर्दा  निश्चित मापदण्ड बनाएर सुदुरपश्चिमका जनता लक्षित र प्रदेशको सम्बृद्धी उन्मुख कसैलाई काखा कसैलाई पाखा नराख्ने सत्बुद्धी आओस भन्ने समेत शुभकामना दिन चाहान्छु । हामी संबिधान कार्यान्वयन गर्ने प्रथम चरणमा छौं  । हामी सबैको जिम्मेवारि संबिधानको मर्म बमोजिम कार्य गरि सुदुरपश्चिम प्रदेशमा बिगतमा सारै पछाडी परेको जनताको  सामाजिक आर्थिक रुपान्तरणका साथै प्रदेशमा सम्बृद्धी ल्याउनको बाहेक हामिसंग केही बिकल्प छैन । हालसम्म राम्रो पक्ष प्रदेशसभाले झन्डै ३२ ओटा विधेयक पास गरेको छ यो राम्रो कुरा हो । तर यसलाई पुर्बबक्ता हाम्रो साथीले भनेझैं कार्यान्वयन पक्ष कस्तो छ त त्यस सम्बन्धमा गहन छलफल हुनु अति जरुरी देखिन्छ । कानुन विधेयक बन्ने तर कार्यान्वयन नहुने हुँदा यसले ठुलो अप्ठ्यारो निम्त्याएको छ भन्ने महसुश गरेको छु  । प्रदेश सरकारले बल्लबल्ल पाँच महिना पश्चात प्रदेश सभालाई बिज्नेस दिएको छ यसको लागी म प्रदेश सरकारलाई म धन्यबाद दिन चाहान्छु । बिधानमा उल्लेखअनुसार छ महिनाभित्र त गर्नैपर्ने हो तरपनि पाँच महिनाभित्र ल्याउनु भएको छ । यसको म हाम्रा संसदिय दलका साथीहरु,पत्रकार मित्रहरु,नागरिक समाजको पनि ठुलो दलबल र निकै मेहनतका बाबजुत यो बिजनेस पाएको मैले महशुस गरेको छु । प्रदेश सरकार योजना कार्यान्वयनमा व्यस्त भएको,जनजिबिकाका सवालहरु  समाधान गर्नमा ब्यस्त भएर सायद प्रदेशसभालाई सञ्चालनार्थ बिजनेस नदिएको होकी भन्ने बुझाइ हुनु स्वभाबिक हो तर त्यसो देखिदैन । त्यसको ठिक उल्टो प्रदेश सरकार बिबिध हिशाबले औपचारिकतामा बढी तर जल्दा बल्दा समस्याहरु र बिशेष गरेर प्रदेश सरकारले बिधि प्रक्रिया मिच्दै  बाहिर गएर गरिरहेको कुरा यहाँहरु समक्ष अनुरोध गर्न चाहान्छु । प्रदेश सरकार प्रदेश सभालाई भण्डै झण्डै आफ्नो मातहतको महाशाखाको रुपमा हो, जस्तो भन्ने ठानेको महशुस गरेका छौं ।

मानननीय मालामति कुमारी राना

माननीय सभामुख महोदय ५ महना ५ दिन पछि हामि यो हिउदे अधिवेशनमा उपस्थित भएका छौ। यो हिउदे अधिवेशनको उत्तरो यत्तर प्रगतिको कामना गर्छु। सरकारलाइ धन्यावाद र वधाइपनि दिन चाहान्छु। आज यो अधिवेसा सुदूर पश्चिमको आगनमा हामि खेल्ने छौ र हिउदे अधिवेशन विधेयक र कानून वनाउने अधिवेसनहो भन्नेकुरा हामिलाइ वितितैछ। विधेयकले राव्यको निकास दिनेहो। यो सरकारले २वर्षाको दौरानमा जुन काम गरेको थयो। जुनकुरा यो प्रदेश सरकारले ३२ वटा विधेयक कानून पास गर्नु भइकोछ। पुनह म सरकारलाइ धन्यावाद दिन भाहान्छु। २ वर्षामा विधेयक प्रदेशले पासत गरियो तर विढम्वना धेरैजसो विधेयक यो प्रदेशले कर्यान्वयन गरेको छेन।धेरै विधेयक हरुमा केहि विधेयक अल्पत्र पनि भएको अवस्था छ। अल्पत्र परका विधेयक हरुलाइ सहिवाटोमा डार्याउनेकी नडोर्याउने यदि सरकारले ति अल्पत्र परेका विधेयक हरुलाइ सहि वाटोमा ल्याएन भने यो सरकार खतरामा पर्न सक्छ। कानून विना विकासले गतिलिन सक्दैन हामि सवैलाइ जानकारिनै छ। अनु यो प्रदेशको विकासको कल्पना जनताले कसरि गर्न सक्छन। अहिले सम्म २ वर्ष विति सकेकोछ। भोलिदेखि हामि तेस्रो वर्षामा प्रवेश गर्दैछौ। यो प्रदेशका जनताले हाम्रो सरकार राम्रो सरकार भनेर अनुभुति गरेकैछैन। पिनकि यो सरकाले अहिलेसम्म विकासको कसनैपनि काम गर्न सकेकै छन। अहिले सम्म सरकारले हामि सांसद हरुले भन्दै आएका थियौ। यो पहिलो प्रदेश सभाहव हामि वामे सर्दै आइरहेकाछौ। यो प्रदेश हैन प्रदेशका माननिय हैनन् सरकार भर्खर वामे सर्दैछ जस्तो मलाइ लागेकोछ। त्यसकारणले यो सरकारले दुर्तगति लिन सकेको छैन। दुःखको कुराहो यो सरकार दूइतिहाइको दम्वले आर्थिक अनियमित्ता भ्रस्टाचार मा लिप्त भएकोछ। मननीय सभामुख महोदय सुदूर पश्चिम सरकार भ्रस्टाभारमा लिप्त भएको

हुनत हामिले हाम्रो प्रदेश सात न. प्रदेश थियो। अहिले यो प्रदेश १ न. प्रदेश भैसकेकोछ। यो प्रदेशको गरिमा घटेको महसुस भएकोछ। म केहि उदार्ण दिन चाहान्छु। हुनत थुप्रै भर्टाचारछन। तर म केहि पर्तिनिधि कुराहरु मात्र भन्दैछु। जुन सामाजिक मन्त्रालयले जुन अवस्थामा रहेको मटाडोर कस्तो अवस्थामा पुगेकोछ।साद सब्जि वोसार पसार गर्ने टिप्परको मुटु भएको १६ व६ एम्वुलेनस खरिद गरि वितरण गरियो। त्याहाँका जनता खुसिभए सहज वतावर्ण भएको अनुभुति गरे तर कुनै मानवले आफ्नो मुटुकव अप्रेसन गर्दाखेरि जुन हामि सुन्छौ जनावरको भल्व हालेर त्सलाइ केहि वर्स वाच्ने साहारा दिएको जस्तो मात्रै हुन्छ। त्यसैगरि जनावरको भल्वले कतिदिन चल्नेहोर सेतवमा कालो स्पस्ट देखियो पाहाडका जनतालाइ ठाडो ठगेकवछ योसरकारले यतिमात्र हैन अल्ट्रा साउन्ड मेसिनमा पनि अनियमित्ता भएकोछ। प्रदेश स्तरिय मुख्यमन्त्री कप लगायतमा ठूलो आर्थिक अनियमित्ता भएको सुनिएकोछ। त्यति मात्र हैन यो प्रदेशमा सान्ति सुरक्षा खल्वलिएको छ । हरेक ठाउमा ट्याक्टर र डोजरले किचेर मारेको अवस्था पनिछ। दिनहु महिला हिंसा वोक्सी छाको नाममा वाटोमा हिडंदा कुटिएको अवस्थापनिछ। त्यत्ति मात्र हैन निर्मला पन्तले अहिले सम्म न्याय नपाउनु र दोसिलाइ अहिले सम्म कार्वाहि नहुनुमा सरकारको चरम लापर्वाहि देखिएकोछ। सभामुख महोदय। यि सवै कुराको सत्य तथ्य छानविन हुनुपर्छ। यसकोलागि एउटा दलिय समिति वनाएर सवैदलले अगाडि वढ्नु पर्छ। दलिय सम्यन्त्र वनाएर छानविनहुन जरुरिछ।दोसिलाइ कार्वाहि गर्न जरुरिछ । यदि दोसिलाइ कार्वाहि भएन भने यो सुदूर पश्चिमको सिर झुक्दै गैरहेकोछ। सभामुख महोदय यदि सत्य तथ्य छनविन भएन भने हामि सदन देखि सडक सम्म सशत्त आन्दोलन गर्न वाध्य हुनेछौ । प्रदेशका केहि महत्वपुर्ण योजनाहरु अल्पत्र परेका छन। दूइ तिहाइको सरकारले दुर्त गतिमा अगाडि वड्नुको साटो कछुवागतिमा अगाडि वड्नु यो सरकारवाट सुदूर पश्चिमका जनताले के आसागर्ने सभामुख महोदय । सरकारलाइ काहँ वाधा अवरवध भएकोछ। कस्ले रोकेकोछ। विकास योजना अल्पत्र परेकाछन। धनगढि स्याउले खुटिया सडक कलुवापुर वेलौरि सडक कैलालि सेति लोक मार्ग माहाकालि करिडोर लगायतका थुप्रै आयोजना हरु अल्पत्र अवस्थामा रहेकाछन । यो प्रदेश सरकार मौन उदासिन छ। यो सरकार यि गौरवका आयोजना हरुमा उत्तरदाइ हुनेकि नहुने सभामुख महोदय म प्रदेश सरकारलाइ अनुरोध गर्न चाहान्छु यि प्रदेश गौरवका आयोजना हरुलाइ अगाढि वडाएर सफल पारियोस। माननीय सभामुख महोदय विगतमा सरकार र पर्तिपक्ष दलका विचमा भद्र सहमति भएकोथियो । यसको वारेमा सरकारवाट अहिले सम्म केहि जानकारि आएकोछैन।सरकारले अहिले सम्म किन जानकारि पठाएन गम्भिर प्रस्न रहेकोछ। सवै जनताले हेरिरहेका छन । प्रतिपक्ष र सरकारका माननीय हरुका विचमा केके सहमति भएकोछ। हामिलाइ जानकारि भएन भनेरर उहाँ हरुलाइ चिन्ताले पिरोलि रहेकोछ। प्रतिपक्ष हरुले सिरक भित्र रहेर घिउखाएको दोस नआवस भनेर सरकार संग अनुरोध गर्न चाहान्छु । यो गरिमामय सदनलाइ सरकारले जानकारि गराइयोस। २ वर्ष वितिसक्दा पनि जुन पटक पटक राजधानिको विवाद आएकोछ। सुदूर पश्चि नाम र गोदावरि राजधानी वास्तम्मा सरकार यो सुदूर पश्चिका जनताले सुदूर पश्चिम नाम र गोदावरि राजधानी वास्तम्मा चाहेको भए अहिले सम्म वनिसकेको हुने थियो । सायद यो केन्द्रको रिमोडले गर्दा यो प्रदेशको नाम र स्थान रहन गएकोहो । वास्तम्मा हामि रा.ज.पा.का दुवै सांसद हरुले वोल्दै आएकाछौ। अहिले यो देशमा संघियता लागु

भैसकेपछि कुना कन्धराका जनतालाइ अनुभुति हुनेगरि राजधानि हुनुपर्छ। हामिले पटक पटक भन्दै आएकाछौ त्यसकारण ९ जिल्लाको पायक पर्नेठाउँ हामिले भन्दै आयौ डोटि दिपायल तपाइ राजधानि राखुहोस त्यसको नाम सुदूर पश्चिम हैन सुदूर पश्चिम किन राखिएकोछ भने विगत राणाकाल देखि यो प्रदेश लाइ पछि पारिदै आएका कारणले सुदूर पश्चिम भन्दै आएकोले हामि पुन्ह पछि परिराख्न पाउ भनेर हामिले सुदूर पश्चि नाम राख्यौ। त्यसकारण हामिसंग नाम राख्ने थुप्रै धरोहर हरु छन । त्यो धरोहर वाट राजधानिको नाम राखौ। यो धेरै एकत त्याहाँ जङ्गल जंगल फडानि गर्नै पाइदैन यसको राजधानि ९ जिल्लाको पायक पर्ने ठाउँ दिपायलमा लग्नुहोस राणाकालका धेरै भौतिक पुर्वाधार हरुछन। ति पुर्वाधार भएको ठउँमा लगौ र यो प्रदेशको वजेट सदुपयोग हुन्छ सदुपयोग गर्न सक्यौ भने यो सुदूर पश्चिमको विकास हुन्छ। यो राजधानिको लागि अरवौ खरवौ लाग्छ। यसकोलागि हामिलाइ चिन्ता लाग्छ। यो वनाउदा कति हामिले विकासमा लगाउने र कति हामिले खल्तिमा हाल्ने म पुन्ह भन्न भाहान्छु। यो राजधानि दिपायल डोटिमा लग्नुहोस त्याहँका धरोहरको नामले यसको नामाकरण गर्नुहोस भन्दै यो अधिवेसनको पुर्ण सफलताको सुभकामना गर्न चाहान्छु हवस्त धन्यावाद

**माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ अर्को बैठक मिति २०७६ साल माघ महिनाको ७ गते मंगलवार दिनको १२:१५ बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।